अब, नेपालमै अक्सिजन सिलिन्डर उत्पादन हुने

ललितपुर, (नेस)

नेपाल विज्ञान तथा प्रविधि प्रतिसठान(नास्ट) ले नेपालमा पहिलोपटक अक्सिजन ग्यास सिलिन्डरको उत्पादन परीक्षण गरेको छ। कोभिडको महामारी फैलिएको र अक्सिजन सिलिन्डरको चरम अभाव भैरहेको बेला नयाँ सिलिन्डर निर्माण गरी परीक्षण गरिएको हो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्णगोपाल श्रेष्ठले सिलिन्डर परीक्षणको शुभारम्भ गर्नुभएको थियो।

नास्टको वैज्ञानिकसँग भएको भेटको क्रममा मन्त्री श्रेष्ठले सिलिन्डर उत्पादन गर्न सक्ने अवस्थाबारे जानकारी लिए लगत्तै नास्टले सफल परीक्षण गरेको हो। अब नेपालले प्रेसर धान्न सक्ने सिलिन्डर उत्पादन गर्न विभिन्न कम्पनीलाई अनुमति दिनेछ। नास्टका प्रविधि संकाय प्रमुख डा. रवीन्द्र ढकालले प्रेसर धान्न सक्ने सिलिन्डर तयार भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो-सुरक्षाको अन्तिम उपाय अवलम्बन गर्न बाँकी छ, केही दिनमा सिलिन्डर उत्पादन गर्ने कम्पनीसँग छलफल गरी व्यावसायिक उत्पादन गर्न अनुमति दिनेछौं।

उहाँका अनुसार नेपालमा पाइने सिलिन्डरको न्युनतम मूल्य करिब १५ हजार पर्नेछ भने नास्टको प्रविधि प्रयोग भएका सिलिन्डरको करिब १० हजारभन्दा कम मूल्य पर्नेछ। परीक्षण अवलोकन गर्न नास्टको मुख्यालय पुग्नुभएका मन्त्री श्रेष्ठले नास्टका उपकुलपति डा.सुनिलबाबु श्रेष्ठ, वैज्ञानिक शंकर ढकाललगायत सबै टिमलाई धन्यावाद दिनुभएको थियो। उहाँले भन्नुभयो-'नेपालका वैज्ञानिकको मेहेनतको कारण गएको कोभिड संक्रमण नियन्त्रण गर्न स्वाब कलेक्सन भ्यान, स्यानीटाइजर, धुनमिल्ने मास्क निर्माण गरेर कोभिड नियन्त्रणमा महत्वपूर्ण योगदान गर्नुभयो। अब सिलिन्डर तयार गरेर कोरोना संक्रमितको प्राणवायु अक्सिजन भर्ने सिलिन्डर निर्माण गर्ने प्रविधिको सफल परीक्षण गरेर महत्वपूर्ण काम गर्नुभएको छ।'

उहाँले अक्सिजन बनाउन प्रयोग हुने जियोलाइटको अभावपूर्ति गर्न सरकार गम्भीररूपमा लाग्ने बताउनुभयो। मन्त्री श्रेष्ठले नास्टले अझै धेरै आविष्कार गर्न बाँकी रहेको बताउँदै त्यसको लागि सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। सफल परीक्षण भएको सिलिन्डर वैज्ञानिक शंकर ढकालको समूहले तयार गरेको हो।

सो सिलिन्डर मा ग्यास सिलिन्डरमा ग्यासको दबाब २२५ बारसम्म भए सुरक्षित रहन्छ। परीक्षण गर्दा ग्यासको दबाब २३५ बारसम्म पुगेपछि सिलिन्डरमा जोडिएको पाइपमा सामान्य समस्या आएको थियो। त्यसैले, अन्तिम परीक्षण गर्न बाँकी रहेको हो-प्रविधि संकाय प्रमुख रवीन्द्र ढकालले भन्नुभयो। नास्टका वैज्ञानिकले नेपाल यस्तो सिलिन्डर निर्माण हुने गरेको छैन भने आयातीत सिलिन्डरको गुणस्तर परीक्षणसमेत हुने गरेको छैन। .

मन्त्री श्रेष्ठले ठूला अस्पतालमा अक्सिजन उत्पादन प्लान्ट नहुनु विडम्बना भएको बताउँदै भन्नुभयो - "विगतमा अस्पताल सञ्चालन अनुमति दिँदा अक्सिजन प्लान्टको व्यवस्था अस्पतालभित्र अनिवार्य हुनुपर्ने नियम बनाइएको भए आज अभावको समस्या भोग्नुपर्ने थिएन। उहाँले अस्पताललाई आवश्यक पर्ने अक्सिजन अन्य निकायमा बढी खपत भएको कारण समस्या बढेको बताउँदै भन्नुभयो-'अब सबै निकायबाट अक्सिजन सिलिन्डर ल्याएका छौं, अब समस्याको समाधान हुँदै जानेछ।'

नास्टका उपकुलपति डा. सुनीलबाबु श्रेष्ठले नास्टले स्वाब परीक्षण गर्न मोबाइल भ्यान तयार गरी सुरक्षाका तीनवटै निकायलाई हस्तान्तरण गरेको बताउनुभयो। उहाँले नास्टले कोभिड नियन्त्रणलाई महत्वपूर्ण काम गरिरहेको दाबी गर्दै भविष्यमा अन्य कार्य अघि बढाइने जानकारी दिनुभयो। उहाँले अब नास्टलाई स्मार्ट नास्ट बनाउने गरी कार्ययोजना अघि बढाइएको जानकारी दिनुभयो। विज्ञान सचिव डा. सञ्जय शर्माले विज्ञान नवप्रवर्तक नीतिलाई कार्यान्वयनमा ल्याउनासाथ प्रविधि क्षेत्रले ठूलो फड्को मार्ने बताउनुभयो।

(क्रमश : पृष्ठ १ बाट)

उपचार नपाई...

अक्सिजन र पर्याप्त उपचारको अभावका कारण कोरोना संक्रमित व्यक्तिको मृत्यु हुने अवस्था सिर्जना नहुने सुनिश्चितता गर्न पनि अदालतले आदेश दिएको छ। सबै संक्रमितको उपचारमा समान र सहज पहुँचको स्थापित हुने सुनिश्चितता प्रदान गर्न समेत अदालतले भनेको छ।

प्रदेश र स्थानीय तहमा कोभिड-१९ संक्रमितको उपचार हुन सक्ने पूर्वाधार तथा अन्य आवश्यक व्यवस्था गर्न सर्वोच्चले सरकारलाई आदेश दिएको छ। यसै गरी सबै जनताले कोभिडविरुद्धको खोप लगाउन पाउने र पहिलो चरणको खोप लगाइसकेका व्यक्तिले निर्धारित समयभित्र दोस्रो चरणको खोप लगाउन पाउने गरी व्यवस्था गर्न अदालतले सरकारलाई भनेको छ।

अदालतले तेस्रो चरण वा हालको अवस्थापछि आउन सक्ने सम्भावित संक्रमणको रोकथाम तथा नियन्त्रणसम्बन्धी पूर्वतयारी गर्न पनि सरकारको नाममा अन्तरिम आदेश दिएको छ।

सर्वोच्चको आदेशमा भनिएको छ- 'राज्यका तर्फबाट सम्बन्धित सरोकारवाला निकायहरुले गर्नुपर्ने काम, कर्तव्य र जिम्मेवारी स्पष्टरूपमा उल्लेख गरी उक्त जिम्मेवारी पूरा गर्ने सम्बद्ध तालिका, सो जिम्मेवारी पूरा गर्न गर्नुपर्ने क्रियाकलापको विवरण, कार्यप्रगति देखिने सूचक र जिम्मेवारी स्पष्ट देखिनुपर्ने गरी कार्य गर्नू।'

कोभिड नियन्त्रणका लागि आवश्यक स्रोत साधनको कमी हुन नदिन रकमान्तरलगायत आवश्यक सबै प्रक्रिया अवलम्बन गरी स्रोत साधनको सुनिश्चिता गर्न पनि अदालतले भनेको छ।

सर्वोच्चले संविधान र कानुनले स्वास्थ्यसम्बन्धी हकको सुनिश्चिता गरेको भए पनि सरकारले कोभिड-१९ को महामारीका कारण सर्वसाधारण नागरिक उपचार नपाई मृत्यु कुरेर बस्नुपर्ने अवस्था अत्यन्त गम्भीर र चिन्ताजनक स्थिति भएको सर्वोच्चले आदेशमा उल्लेख गरेको छ। रिट निवेदकको तर्फबाट अधिवक्ताहरु ऋषिराम घिमिरे, कीर्तिनाथ शर्मा, रामेश्वर कोइराला, अनन्तराज लुईंटेल, पंकज कर्णलगायतले बहस गरेका थिए।

संसद्बाट कि...

उहाँले अधिवेशन बोलाएरै संसद्बाट बजेट ल्याउनुपर्नेमा जोड दिँदै भन्नुभयो- 'अल्पमतको सरकारले संसद् विघटन गर्ने परिकल्पना गर्न सकिँदैन। तर, प्रधानमन्त्री संसद् विघटन गर्ने नै मुडमा रहनुभएको हामीले पाएका छौं। कतै पुस ५ गते दोहोरिन्छ कि भन्ने प्रशस्तै आशंका छ।'

हुन त सरकार बजेटको सम्पूर्ण तयारी पूरा गरेर तयारी अवस्थामा बसेको छ। तर, बजेट अधिवशेन आह्वान गर्ने कि नगर्ने भन्ने विषयमा प्रधानमन्त्री ओलीले अझै निर्णय गर्न सक्नुभएको छैन।

नेकपा एमालेका नेता सुभास नेम्वाङले सरकारले फ्रि-बजेट ल्याउन चाहे पनि संसद्मा प्रधानमन्त्रीलाई विश्वासको मत नदिँदा प्रभावित भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'बजेट त जेठ १५ गते संसद्बाटै आउँछ। संविधानअनुसार त बजेट आइहाल्छ नि।' बजेट अधिवेशन बोलाउने बारेमा प्रधानमन्त्री ओलीले गृहकार्य गरिरहनुभएको बताउँदै उहाँले यस बारेमा छिट्टै निर्णय आउने बताउनुभयो।

नेपाली कांग्रेसका सांसद राजन केसीले सरकार फ्रि-बजेटमाथि छलफल नगर्ने र नीति तथा कार्यक्रम नल्याउने बाटोमा लागेर संविधानको उल्लंघन गर्न लागिपरेको आरोप लगाउनुभयो। सरकार समयमै बजेट ल्याउने तयारीबाट पछि हट्दै अहिलेको संघीयता र गणतन्त्र समाप्त पार्ने खेलमा लागेको आरोप लगाउँदै उहाँले भन्नुभयो- 'संविधानअनुसार त जेठ १५ मै बजेट ल्याउनुपर्छ। तर, सरकारको प्रवृत्ति हेर्दा संविधान नमान्ने र संसद्को अवहेलना गर्ने बाटोमा लागेको छ।'

ओलीले संसद्मा विश्वासको मत गुमाएपछि संविधानको धारा ७६ (३) बमोजिम ठूलो दलको हैसियतमा राष्ट्रपति विद्यादेवी भण्डारीले वैशाख २९ गते पुन: ओलीलाई नै प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको थियो। एक महिनाभित्र प्रधानमन्त्री ओलीले विश्वासको मत नपाएको अवस्थामा संविधानको धारा ७६ (५) बमोजिम अगाडि बढ्ने अवस्था छ। उक्त धाराअनुसार संसद्मा कुनै पनि दलले सरकार गठन गर्न नसक्ने परिस्थितिमा यही सरकारले संसद् विघटन गरेर आम निर्वाचनको घोषणा गर्नेछ।

एमालेका दुई...

यसअघि देवकोटा वागमती प्रदेश नीति योजना आयोगका पूर्वअध्यक्ष हुनुहुन्छ। उहाँ २ वर्ष अध्यक्ष रहनुभएको थियो। उहाँलाई निर्वाचन आयोगले चुनाव चिह्न कलम दिएको छ। नेमकिपाका तर्फबाट कृष्णबहादुर तामाङले उम्मेवारी दर्ता गराउनुभए पनि मुख्यत: दुई जनाबीच कडा प्रतिस्पर्धा हुने भएको छ।

गृहमन्त्री थापाले भने आफ्नो जित सुनिश्चित भएको बताउनुभएको छ। उहाँले प्रदेशको ९ हजार ५ सय ६४ मतमध्ये आफ्नो पक्षमा ५ हजार १ सय ३० मतले आफ्नो जित निश्चित रहेको दाबी गर्नुभएको हो। थापाले संविधानको दिगो सम्वर्द्धन तथा आर्थिक समृद्धिका लागि पार्टीको निर्देशनबमोजिम आफूले उम्मेदवारी दर्ता गराएको बताउनुभयो। उहाँले एमालेको संगठनलाई अनुशासित र मर्यादित तुल्याउँदै कार्यकर्ताले जनतामुखी हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

अर्का प्रतिस्पर्धी डा. दवकोटाले आफूलाई राजनीतिक दलहरुबाट सहयोग र समर्थन प्राप्त भएको उल्लेख गर्दै सरकारले प्रदेश र स्थानीय तहलाई हातखुट्टा बाँधेर काम गर्ने वातावरण नदिएको बताउनुभयो। समानुपातिक र समावेशी प्रतिनिधित्वको साझा उपलब्धिलाई भताभुङ्ग गर्ने काम वर्तमान सरकारबाट भइरहेको भन्दै यसका विरुद्ध आफूले उम्मेदवारी दिएको बताउनुभयो।

डा. देवकोटाले देशको संविधानको मूल प्रवाहलाई ट्र्याकमा ल्याउने प्रयासका लागि आफूले उम्मेदवारी दर्ता गराएको भन्दै प्रदेशको भूमिकालाई जनमुखी, पारदर्शी र जिम्मेवार बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले जनताको बृहत् सहभागिताबाट ल्याइएको गणतान्त्रिक व्यवस्थालाई जीवन्त राख्न राजनीतिक दलहरुमा इमानदारिताको खाँचो औंल्याउनुभयो। त्यसै गरी, नेमकिपाका उम्मेदवार तामाङले हार-जित भन्दा पनि पार्टीको नीतिअनुसार आफूले उम्मेदवारी दिएको बताउनुभयो। पार्टी केन्द्रीय सदस्यसमेत रहनुभएका उहाँले ठूला र साना दल भन्ने नहुने बताउँदै आफूले विजय हासिल गरे कानुनमा उल्लेख भएका कर्तव्य पूरा गर्ने बताउनुभयो। देशको संविधान, ऐन तथा कानुनलाई आत्मसात् गर्दै नेपाली जनताको हितमा सधैं स्वार्थरहित भएर अगाडि बढ्ने उहाँले दृढता व्यक्त गर्नुभयो।

प्रदेशसभा सदस्य र पालिका प्रमुख र उपप्रमुख गरी कुल ३ सय ४८ जना मतदाताले मतदान गर्नेछन्। उपनिर्वाचनमा प्रदेशसभाका १ सय १० र स्थानीय तहका २ सय ३८ गरी कुल ३ सय ४८ मतदाता रहेका छन्।

प्रदेशसभाका एक सदस्यको ४८ र स्थानीय तहका प्रतिनिधिको १८ मतभार गणना हुन्छ। यस हिसाबले वागमती प्रदेशसभामा १ सय १० सांसदको ५ हजार २ सय ८० र २ सय ३८ स्थानीय तहका प्रतिनिधिको ४ हजार २ सय ८४ गरी जम्मा ९ हजार ५ सय ६४ मतभार रहेको छ। सबैभन्दा बढी एमालेका प्रदेशसभामा ५७ र स्थानीय तहमा १ सय ३३ जना गरी १ सय ९० मतदाता रहेका छन्। यसको कुल मतभार ५१ सय ३० हुन्छ । तर, वागमती प्रदेशमा एमालेका दुवै पक्षको अंकगणित करिब बराबरी अवस्थामा रहेको खनाल-नेपाल पक्षको दाबी छ ।

प्रदेशसभामा एमालेका ५७ मध्ये माधव पक्षमा २२ जना रहेका छन्। यदि माधव पक्षका सबै सांसदहरुले फ्लोरक्रस गरे डा. देवकोटाको पक्षमा १ हजार ५६ मत थपिनेछ। स्थानीय तहका ४५ जनप्रतिनिधिको ८ सय १० मतले पनि डा. देवकोटाको पक्षमा फ्लोर क्रस गर्ने सम्भावना रहेको विश्लेषण गरिएको छ। यी मत नै निर्णायक र थापालाई फलामको च्युरा बन्न सक्ने विश्लेषण रहेको छ। कांग्रेसका प्रदेशसभामा २२ र स्थानीय तहमा ६८ जना गरी ९० जना मतदाता छन्। कांग्रेसको कुल मतभार २ हजार २ सय ८० हुन्छ । त्यस्तै, माओवादी केन्द्रको प्रदेशसभामा २३ र स्थानीय तहमा ३३ जना गरी ५६ जना मतदाता छन्। जसको कुल मतभार १ हजार ६ सय ९८ हुन्छ । कांग्रेस र माओवादीको जोड्दा ३ हजार ९ सय ७८ मतभार हुन आउँछ । एमालेभित्र खनाल-नेपाल समूहसँग भएको मतभारले गठबन्धनको जित सुनिश्चित गर्न सक्ने आँकलन गरिएको छ।

नेमकिपाका उम्मेदवार तामाङको नेमकिपाका २ प्रदेशसभा सदस्यको मतभारका हिसाबले ९६ र २ स्थानीय तहका जनप्रतिनिधिको ३६ गरी १ सय ३२ मत छ। निर्वाचनमा राप्रपाका २ प्रदेशसभा सांसदको मतभारका दरले ९६ र २ स्थानीय तहका जनप्रतिनिधिको मतभार ३६ का हिसाबले १ सय ३२ मत छ भने २ प्रदेशसभा सदस्य रहेको विवेकशीलको ९६ मत छ। एक स्वतन्त्र सांसद्को ४८ मत छ।हेटौंडा-४ स्थित भुटनदेवी उमाविमा मतदानको व्यवस्था मिलाइएको छ। मतदान बिहान ९ बजेबाट दिउँसो ३ बजेसम्म हुनेछ।

बी एन्ड सीलाई...

त्यसपछि प्रक्रिया पुऱ्याउनुको सट्टा प्रसाईंले आयोगका अध्यक्षसमेत रहने प्रधानमन्त्रीलाई प्रभावमा पारेर सम्बन्धन लिने प्रयास गरेका हुन्। केही समयअघि प्रधानमन्त्री ओली आफैं प्रसाईंको अस्पतालमा पुगेर सम्बन्धन दिने घोषणा गर्नुभएको थियो। चिकित्सा शिक्षा ऐनमा एउटा विश्वविद्यालयले पाँच भन्दा बढी मेडिकल कलेजलाई सम्बन्धन दिन नसक्ने प्रावधान छ। काठमाडौं विश्वविद्यालयले क्षमताभन्दा बढी कलेजहरु पहिल्यै सञ्चालन गरिरहेकोमा केही महिनाअघि मात्रै धरानस्थित बीपी प्रतिष्ठानसँग मिलेर बी एन्ड सीलाई सम्बन्धन दिने प्रयास गरेको थियो। तर, अलग्गै कानुनद्वारा सञ्चालित बीपी प्रतिष्ठानसित गरिएको समभदारीपत्र अवैध भएको भन्दै विरोध भएपछि त्यसबाट केयू पछि हटेको थियो।

तर, केयूको आफ्नो क्षमताले थप मेडिकल कलेज नधान्ने स्वीकारिसकेपछि आयोगलाई छल्दै अवैधरुपमा सम्बन्धन दिलाउन केयू पदाधिकारीले गरेको पछिल्लो प्रयासले केही गम्भीर प्रश्नरु उठाएको छ। देशभर शहरैपिच्छे लकडाउन रहेको समयमा विश्वविद्यालयका निरीक्षकहरु कसरी झापा पुगे? एमबीबीएसको साझा प्रवेश परीक्षासमेत महामारीका कारण भनेर रोकिएका बेला कलेजको निरीक्षण कसरी सुचारु भयो? सबैजसो अस्पतालमा कोभिडको चाप बढेका बेला सबै विषयका विशेषज्ञ चिकित्सकहरु काम छाडेर जान कसरी सम्भव भयो ? कि विशेषज्ञहरु नै नपठाई एकाध कर्मचारीलाई त्यहाँ पठाएर उचित अनुगमनबिना नै प्रतिवेदन तयार गरियो?

विवादमा पर्दै आएका केयूका उपकुलपति भोला थापाले आशयपत्र नवीकरण नै नभएको कलेजलाई सम्बन्धन दिलाउने प्रयास गरेको आरोप लागेको छ। चिकित्सा शिक्षा ऐनको दफा १३ (५) (क) का अनुसार 'प्रचलित कानुनबमोजिम लिएको आशयपत्रमा उल्लिखित सर्तहरू पूरा नगरेको' कुनै पनि शिक्षण संस्थालाई विश्वविद्यालयले सम्बन्धन दिन सक्दैन भनि प्रस्ट उल्लेख भएको बेलामा यस्तो प्रयास भएपछि उपकुलपति थापामाथि दबाब परेको छ।

अक्सिजन अभाव टार्न सेना आफैं खटियो

काठमाडौं, (नेस)

कोरोना संक्रमण नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको नेपाली सेनाले अक्सिजन अभावलाई टार्न आफ्नो टोली परिचालन गरेको छ। देशभर आफ्ना संयन्त्रमार्फत सेनाले अक्सिजन प्लान्ट सञ्चालन गर्ने र देशभरका अस्पतालमा अक्सिजन सिलिन्डर उपलब्ध गराउने कामलाई तीव्रता दिएको छ। सैनिक मुख्यालयका अनुसार विभिन्न अक्सिजन प्लान्टमा नेपाली सेनाका प्राविधिक नै परिचालन गरिएको छ। सेनाले हवाई सवारीसाधन र स्थलमार्गको प्रयोग गरी अक्सिजन सिलिन्डरहरु पुऱ्याउने कामलाई तीव्रता दिएको जनाएको छ।

काठमाडौंको थानकोटमा रहेको अक्सटिज अक्सिजन प्लान्टमा जुनियस अफिसरको कमान्डमा ७ जना जनशक्ति खटाएको छ। त्यस्तै, काभ्रेको पनौतीमा रहेको नवज्योति अक्सिजन प्लान्टमा ८ जना जनशक्ति खटाएको छ। रुपन्देहीको छिपागढमा रहेको शंकर अक्सिजन प्रालिमा अधिकृतको कमान्डमा ३५ जना जनशक्ति खटाएको छ। अहिले उक्त उद्योगले दैनिक ५ सय ५० अक्सिजन सिलिन्डर भर्दै आएको छ।

त्यसै गरी, रुपन्देहीको ठुटीपीपलमा रहेको लुम्बिनी अक्सिजन प्रालिबाट २ सय ८८ सिलिन्डर भर्दै आएको छ। बागदुरामा रहेको लुम्बिनी अक्सिजन प्लान्टमा पनि सेनाको निगरानीमा २ सय ८८ सिलिन्डर अक्सिजन दैनिक भर्दै आएको छ। सेनाले अक्सिजन अभावलाई ध्यानमा राख्दै काठमाडौंबाट बाराका लागि ६० खाली सिलिन्डर ढुवानी गरेको थियो भने बाराबाट ४० वटा भरी सिलिन्डर हवाईमार्गबाट काठमाडौं ल्याएको थियो। बाराको सिमरा र चितवनबाट भैरहवामा भरिएको ४० सिलिन्डर अक्सिजन हवाईमार्गबाट ढुवानी गरेको थियो। त्यस्तै, सुनसरीबाट काठमाडौं २ सय ६३ थान, विराटनगरबाट ६० थान, पोखराबाट ८७ थान इटहरीबाट ४७ थान, विराटनगरबाट पुन: १ सय २० थान अक्सिजन सिलिन्डर काठमाडौं ल्याएको सेनाले जनाएको छ।

बैतडीका ४६ स्वास्थ्यकर्मीमा कोरोना संक्रमण

विनोदसिंह विष्ट, बैतडी

बैतडीमा कोरोना संक्रमणको रोकथाम र उपचारका लागि अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मी नै कोरोना संक्रमणको चपेटामा पर्न थालेपछि कोरोना संक्रमितको उपचारमा समस्या उत्पन्न भएको छ। बैतडीमा हालसम्म ४६ जना स्वास्थ्यकर्मीमा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ।

सदरमुकामस्थित दशरथचन्द नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत १६ जना, पुर्चौडी नगरपालिकाका १५, पाटन नगरपालिकाका ११, सिगास गाउँपालिकाका २, मेलौली नगरपालिकाका १ र डिलाशैनी गाउँपालिकाका १ जना स्वास्थ्यकर्मीमा संक्रमण पुष्टि भएको हो। संक्रमण पुष्टि भएकामध्ये अधिकांश संक्रमणमुक्त भइसकेका छन् भने संक्रमित अवस्थामै रहेका स्वास्थ्यकर्मीको स्वास्थ्य अवस्था पनि गम्भीर नरहेको स्वास्थ्य कार्यालय बैतडीका प्रमुख योगेशप्रसाद भट्टले बताउनुभयो। उहाँले संक्रमित स्वास्थ्यकर्मीहरु आइसोलेसनमा रहेको जानकारी पनि दिनुभयो।

भट्टले स्वास्थ्यकर्मी नै संक्रमित भएपछि स्वास्थ्य सेवानै प्रभावित भएको बताउँदै संक्रमण देखिएका स्वास्थ्य संस्थामा आसपासका स्वास्थ्यकर्मीले आलोपालो मिलाएर काम गरिरहेको बताउनुभयो।

बैतडीमा दोस्रो लहरको कोरोना संक्रमणबाट ९ सयभन्दा बढी संक्रमित भएका छन् भने ११ जनाको मृत्यु भइसकेको छ। कोरोना संक्रमण तीव्ररूपले फैलिरहेकाले स्वास्थ्यका मापदण्ड पूर्णरूपमा पालना गर्न स्वास्थ्य कार्यालयले आग्रह समेत गरेको छ। बैतडीमा कोरोना संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालयले जेठ १७ गतेसम्म निषेधाज्ञा जारी गरेको छ।

सूचना सूचना सूचना

ग्लोरी ओभरसिज ट्रेड प्रा.लि. ले आयात गरेको भान्सामा प्रयोग हुने चिम्नी (Kitchen hood) हरुको अधिकतम खुद्रा मुल्य निम्न अनुसार तोकिएको जानकारी ग्राहक महनुभावहरुलाई गराइन्छ ।

क्रम. संख्या	चिम्नीको मोडल	अधिकतम खुद्रा मूल्य (मु.अ.क. समेत)
१	UC9002	१०,२००/-
२	UA9001-2	१२,४००/-
३	TX9003	१५,३००/-

ग्लोरी ओभरसिज ट्रेड प्रा.लि.
जन उदय गल्लि, सिफल, का.म.पा. ७ काठमाडौं, नेपाल
फोन नं. ४४८१७४२, इमेल : glowryos@outlook.com

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय इटहरी
सडक डिभिजन चन्द्रनिगाहपुर
रौतहट

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशन मिति :-२०७८/०२/०५

यस डिभिजनको मिति २०७७/१२/२९ गतेको नागरिक दैनिकमा प्रकाशित सुचना नं IFB-०८-२०७७/७८ अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपशिल बमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावाग्राही देखी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	स्वीकृतका लागि छनौट भएका बोलपत्रदाताहरुको नाम र ठेगाना	कवोल अंक (मु.अ.क.र PS समेत)
१	RDCNP/33701143–077/78–70	श्री शाहील कन्स्ट्रक्सन, जनकपुर, धनुषा	२५६५३५०·००
२	RDCNP/33701143–077/78–71	श्री विजय निर्माण सेवा, बिजलपुर, महोत्तरी	३५१८६३८·५०
३	RDCNP/33701143–077/78–72	श्री शाहील कन्स्ट्रक्सन, जनकपुर, धनुषा	६५४८०००·००
४	RDCNP/33701122–077/78–73	श्री बागमती निर्माण सेवा, बागमती, सर्लाही	८४६२५२९·००
५	RDCNP/33701143–077/78–74	श्री दक्षिणकाली क्षितिज कन्स्ट्रक्सन, गौरीशंकर, सर्लाही	१०३३२८८०·००
६	RDCNP/33701143–077/78–75	श्री कमल कन्स्ट्रक्सन, मौलापुर-५, रौतहट	७८८९६००·००
७	RDCNP/33701143–077/78–76	श्री आर.के. कन्स्ट्रक्सन, मानपुर-३, सर्लाही	७३३१७८१·००
८	RDCNP/33701143–077/78–77	श्री फैसल एण्ड अफजल कन्स्ट्रक्सन, गौर, रौतहट	१३९०२८५·०१
९	RDCNP/337310113–077/78–78	श्री राकेश निर्माण सेवा, औरैया-८, रौतहट	१५४९०००·००
१०	RDCNP/33701143–077/78–79	श्री आर.के. कन्स्ट्रक्सन, मानपुर-३, सर्लाही	७५१६४९०·००
११	RDCNP/33701143–077/78–80	श्री जय मा चौरसिया कन्स्ट्रक्सन, आदर्शकोतवाल, बारा	४६६५२४६·९२
१२	RDCNP/33701143–077/78–81	श्री कमल कन्स्ट्रक्सन, मौलापुर-५, रौतहट	५४५९४००·०५
१३	RDCNP/33701143–077/78–82	श्री फैसल एण्ड अफजल कन्स्ट्रक्सन, गौर, रौतहट	५४५९४००·०५
१४	RDCNP/33701143–077/78–83	श्री फैसल एण्ड अफजल कन्स्ट्रक्सन, गौर, रौतहट	७०२९९००·०१

डिभिजन प्रमूख